मिति २०८१/०५/२६ गते यस बारपाक सुलिकोट गाउँपालिकाको अध्यक्ष श्री विष्णु प्रसाद भट्ट ज्यूको अध्यक्षतामा उपाध्यक्ष, वडाध्यक्ष लगायत अन्य कार्यपालिकाका सदस्यहरु समेतको उपस्थितिमा कार्यपालिका वैठक बसी तपशिल बमोजिम छलफल तथा निर्णयहरु गरियो।

## उपस्थिति

| क्र.सं. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्ट | अध्यक्ष | बारपाक सुलिकोट-५ | [signature] |
| २ | सन माया गुरुङ | उपाध्यक्ष | बारपाक सुलिकोट-३ | [signature] |
| ३ | धन बहादुर घले | वडा अध्यक्ष | बारपाक सुलिकोट-१ | [signature] |
| ४ | पूर्ण बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-२ | [signature] |
| ५ | बल बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-३ | [signature] |
| ६ | भिम बहादुर गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-४ | [signature] |
| ७ | शिब बहादुर खड्का | वडा अध्यक्ष | बारपाक सुलिकोट-५ | [signature] |
| ८ | बावुलाल गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-६ | [signature] |
| ९ | कृष्ण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट -७ | [signature] |
| १० | शरण गुरुङ | वडा अध्यक्ष | बारपाक सुलिकोट-८ | [signature] |
| ११ | राजु सुनार | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-१ | [signature] |
| १२ | आशिका गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-२ | [signature] |
| १३ | जानुका देवी पनेरु | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-४ | [signature] |
| १४ | सन्त कुमारी बराम | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-५ | [signature] |
| १५ | शुभप्रभात नेपाली | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-६ | [signature] |
| १६ | माया देवी गुरुङ | कार्यपालिका सदस्य | बारपाक सुलिकोट-७ | [signature] |
| १७ | श्री सुवास आले | सदस्य सचिव | गा.पा.का. | [signature] |
| १८ | श्री ईश्वरी प्रसाद पनेरु | प्रशासकीय अधिकृत | गा.पा.का. | [signature] |
| १९ | श्री सन्देशराज पौडेल | सू.प्र.अ. | गा.पा.का. | [signature] |
| २० | श्री गंगा ब. घर्ती | प्र.ले.अ. | गा.पा.का. | [signature] |
| २१ | तेज माया गुरुङ | [illegible] | गा.पा.का. | [signature] |

**प्रस्तावहरुः**

१. समिक्षा सम्बन्धमा ।

२. उपभोक्ता समति गठन तथा योजना संझौता सम्बन्धमा ।

३. शिक्षक अवकाश सम्बन्धमा ।

४. छुट जग्गाको वर्गीकरण सम्बन्धमा ।

५. सामाजिक सुरक्षा भत्ता सम्बन्धमा |

६. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडागत बजेट विनियोजन सन्बन्धमा ।

७. तरकारी नर्सरी छनौट सम्बन्धमा |

८. विविध ।

## निर्णयहरुः

**निर्णय नं. १)** आ.व २०८१/०८२ मा हाल सम्मको योजना प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो।

**निर्णय नं. २)** प्रस्ताव नं २ माथि छलफल हुँदा आ.व २०८१/०८२ का योजना कार्यान्वयनका लागि असोज दोस्रो हप्ता सम्म उपभोक्ता समिति गठन सम्पन्न गरी त्यस पश्चात उपभोक्ता समितिलाई अभिमुखिकरण कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३)** श्री हिमालयन मा.वि., बारपाक सुलिकोट -१ बारपाकमा कार्यरत साविक उ.मा.वि. तह लेखा विषयका करार शिक्षक टेक प्रसाद श्रेष्ठ २०८१ श्रावण देखि हालसम्म विद्यालयमा हाजिर नभएको भन्ने विद्यालयको मिति २०८१/०४/३१ गते च.न. ०५ को पत्रबाट जानकारी प्राप्त हुन आएकोले निजलाई मिति २०८१/०४/०१ देखि लागु हुने गरी अवकाश दिने निर्णय गरियो |

**निर्णय नं. ४)** मिति २०७९/०९/२५ को गाउँ कार्यपालिका तथा स्थानीय भू-उपयोग परिषदको निर्णय बमोजिम यस पालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयार पार्दा छुट भएका कित्ता जग्गाहरु मध्य सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम तपशिलका जग्गा कित्ता जग्गाको भू-उपयोग क्षेत्रको वर्गीकरण निम्न अनुसार गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.सं. | जग्गा धनीको नाम | साविक ठेगाना | | कि.नं. | भू-उपयोग क्षेत्र |
|---|---|---|---|---|---|
| | | गा.वि.स. | वडा नं. | | |
| १ | मिन बहादुर गुरुङ्ग | पन्द्रुङ | ९ | ८८४ | कृषि |
| २ | धनकुमारी श्रेष्ठ | ताकुकोट | ६ | ७९३ | कृषि |
| ३ | कालु बरामु | ताकुकोट | ८ | १०४८, ११४० | कृषि आवसीय |
| ४ | सुन्दर कुमार श्रेष्ठ | पन्द्रुङ | ७ | २४४ | कृषि |
| ५ | विष्णु प्रसाद श्रेष्ठ भन्ने हरि नारायण श्रेष्ठ | पन्द्रुङ | ३ | २७४ | कृषि |
| ६ | माया मगर | ताकुकोट | ३ | ६४ | कृषि |
| ७ | सरिता बराम | ताकुकोट | ४ | ६२७ | व्यवसायिक |
| ८ | धन बहादुर गुरुङ | पन्द्रुङ | ८ | ७४० | कृषि |
| ९ | भिम बहादुर गुरुङ | पन्द्रुङ | ४ | १२७७ | कृषि |
| १० | लिला राज अंगाई | पन्द्रुङ | ३ | १३३७ | कृषि |
| ११ | धर्मनन्द पनेरु | पन्द्रुङ | ४ | ५५५ | कृषि |
| १२ | देवी प्रसाद अंगाई | पन्द्रुङ | ५ | ८९४ | कृषि |

**निर्णय नं. ५)** प्रस्ताव नं ५ माथि छलफल हुँदा आ.व २०८१/०८२ को पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता दशैं अगावै वितरण गर्ने वातावरण मिलाउन प्रभु बैंक, ग्लोबल आइ.एम.ई बैंक र साङ्ग्रिला बैकसँग समन्वय गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ६)** प्रस्ताव नं ६ माथि छलफल हुँदा आ.व २०८१/०८२ का प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्राप्त ५१ लाख ७४ हजारको बजेट र सामान खरिद तर्फको ३५ लाख बजेटलाई तपशिल बमोजिम वडागत रुपमा विभाजन गरी सोही आधारमा लाभग्राही छनौट गर्ने सर्वसम्मत निर्णय गरियो।

**तपशिलः**

| क्र.स. | वडा नं | रकम | सामान खरिद |
|---|---|---|---|
| १ | १ | ४,३०,०००/- | ३,५०,०००/- |
| २ | २ | ५,७०,०००/- | ४,६९,०००/- |
| ३ | ३ | ६,००,०००/- | ४,७६,०००/- |
| ४ | ४ | ९,८०,०००/- | ५,९५,०००/- |
| ५ | ५ | ५,४०,०००/- | ३,५०,०००/- |
| ६ | ६ | ७,६०,०००/- | ५,६०,०००/- |
| ७ | ७ | ६,००,०००/- | ३५०,०००/- |
| ८ | ८ | ६,००,०००/- | ३,५०,०००/- |
| ९ | विविध | ९४,०००/- | ०.०० |
| जम्मा | | ५१,७४,००० | ३५,००,००० |

**निर्णय नं. ७)** गाउँपालिका भित्र किसानहरुलाई तरकारी खेती प्रवर्धन गर्नका निम्ति लागि १ वडा १ नर्सरी सञ्चालन गर्ने र वडा नं ४ को क्षेत्राधिकार ठुलो भएकाले उक्त वडामा २ वटा ठाउँमा नर्सरी सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८) विविध ।**

**क)** यस गाउँपालिका भित्र सञ्चालित योजनाहरुमा स्थानीय निर्माण सामाग्रीको प्रयोगलाई प्रवर्द्धन गर्न निर्माण व्यवसायी एवं उपभोक्ता समितिलाई लागत अनुमान तयार गर्दा र अन्तिम भुक्तानी गर्दा आवश्यक प्रोत्साहनको वातावरण गराउने निर्णय गरियो ।

**ख)** नजिकिदै गरेको चाडपर्वलाई लक्षित गरी प्रत्येक वडागत मुख्य सडकको मर्मत एवं सरसफाई गरी सवारी आवागमनलाई सहज बनाउने सर्वसम्मत निर्णय गरियो।

**ग)** जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बतको सहयोगमा कार्यन्वायान हुने (Projects Aid to Nepal) कार्यक्रम अन्तर्गत उक्त क्षेत्रसंग सिमाना जोडिएका नेपालका जिल्लाहरु भित्रका स्थानीय तहहरुले प्रचलित कानून अनुसार प्रस्ताव पेश गर्न पाउने व्यवस्था रहेकोले, यस बारपाक सुलिकोट गाउँपालिकाबाट “MOU on Projects Aids to Nepal” को अधिनमा रहि तपशिल बमोजिमका विषय क्षेत्र अन्तर्गतका कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**तपशिलः**

| क्र.स. | विषय /क्षेत्र | कार्यक्रमको /आयोजनाको नाम | कैफियत |
|---|---|---|---|
| १ | पूर्वाधार विकाससम्बन्धी आयोजना | माझथर मा.वि. छात्रावास निर्माण कार्य | |
| २ | क्षमता विकास सम्बन्धी | प्राविधिकहरुको लागि सिप तालिम तथा भूकम्प प्रतिरोधात्मक भौतिक पूर्वाधार संरचनाहरु सम्बन्धी तालिम, अध्ययन भ्रमण | |
| ३ | वस्तुगत सहयता | स्वास्थ्य उपकरण (USG COLOUR DOPPLER WITH 1 STANDARD PROBE MACHINE -1 SET AND DIGITAL X-RAY MACHINE 1-SET) | |

घ) भू-उपयोग ऐन, २०७६को दफा ४ तथा भु उपयोग नियमावली, २०७९ बमोजिम यस गाउँपालिका क्षेत्र भित्रका जग्गाहरुको वर्गिकरणका सम्बन्धमा मिति २०७९/०८/२३ गतेको बारपाक सुलिकोट गाउँपालिका गाउँ कार्यपालिका (स्थानीय भु- उपयोग परिषद) को बैठकले स्वीकृत गरेको भू उपयोग क्षेत्र वर्गीकरणको आधार तथा मापदण्डको आधारमा मिति २०७९/०९/२५ गतेको गाउँ कार्यपालिकाको बैठकको निर्णय बमोजिम यस गाउँपालिका भित्रको भू-उपयोग क्षेत्र वर्गीकरणको विवरण तयार परिएकोमा निम्न अनुसारका जग्गा धनीहरुको निम्न कित्ताको जग्गाको भू उपयोग क्षेत्र परिवर्तन गर्न आवश्यक आधार र कारण सहितको यस कार्यालयमा पेश हुन आएको निवेदन उपर छानविन गर्दा भू उपयोग क्षेत्र परिवर्तन गर्न मनासिव देखिएकोले निम्न अनुसार भू उपयोग क्षेत्र परिवर्तन गर्नको लागि सिफारिस गर्ने निर्णय गरियो ।

| क्र स | साविक गा.वि.स | वडा नं | कि.न. | वर्गीकरण भएको क्षेत्र | कायम गर्नुपर्ने क्षेत्र | जग्गाधनीको नाम |
|---|---|---|---|---|---|---|
| १ | ताकुकोट | ९ | ४९३ | कृषि | आवासीय | जयन्ती वस्ताकोटी |
| २ | सौरपानी | ९ | १९८ | कृषि | आवासीय | राम बहादुर गुरुङ |

ङ) बारपाक सुलिकोट वडा नं मा अवस्थित ताकुकोट सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको लागि १ जना पुस्तकालय सहायकको दरबन्दी सिर्जना गरि आवश्यक कर्मचारी नियुक्त गर्ने निर्णय गरियो ।

च) चालु आ.व. का लागि तपशील बमोजिम बजेट विनियोजन गरिएका आयोजनाहरुको लागत अनुमानको आधारमा आगामी आ.व. को बजेटमा श्रोत सुनिश्चितता हुने गरि बहुवर्षीय ठेक्का गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | विनियोजित रकम | लागत अनुमान रकम ( मू.अ.कर र कन्टिजेन्सी सहित) | कैफियत |
|---|---|---|---|---|
| १. | गाउँपालिका पूर्वाधार निर्माण | ४० लाख | १,४७,२३,०१२.८५ | |
| २. | देउराली बहुउद्देश्यीय सभाहल वडा नं ७ | २० लाख | ८८,९६,७६९.०४ | |
| ३. | शहीद दिल बहादुर रम्तेल पार्क विस्तार तथा निर्माण | संधीय सर्सत अनुदानबाट ३६ लाख र गाउँपालिकाबाट ४ लाख गरि कूल ४० लाख | ६३,५०,६९५.७३ | |
| ४. | खार्चोक भन्ज्याङ्ग-माझथर सडक सडक स्तरोउन्नती कार्य । | २० लाख | १,०१,३०,६७३.४८ | |